कोशी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

विराटनगर, नेपाल

प.सं. :- ०८२/८३

च.नं. :- ५९६

मिति :- वि.सं. २०८२/०५/२२

ने.स. :- ११४५ जलाथ्व, १५ आइतवार

विषय: सम्पत्ति विवरण वुझाउने सम्वन्धमा थप स्पष्ट गरिएको सम्वन्धमा ।

श्री स्थानीय तह (१३७ सबै)

कोशी प्रदेश

प्रस्तुत सम्वन्धमा यस कार्यालयको प.सं. २०८२।८३ च.नं. ५८ मिति २०८२।०४।०८ र प.सं. २०८२।८३ च.नं. ७८ मिति २०८२।४।१३ को पत्रानुसार सम्पत्ति विवरण वुझाउने व्यहोरा अवगत भएकै होला ।सो सम्वन्धमा सम्पत्ति विवरण वुझ्ने वुझाउने कार्यमा कठिनाइ भइरहेको हुदा थप स्पष्ट गरिएको व्यहोरा आदेशानुसार अनुरोध छ।

१. राष्ट्रिय कितावखानाको सुचना र यस कार्यालयको प.सं. २०८२/८३ च.नं. ५८ मिति२०८२/०४/०८ को पत्रानुसार संकेत नं प्राप्त (२०७६ को संघीय लोकसेवा र समायोजन भइ वढुवा तथा तहवृद्धि भएका) कर्मचारीहरुको सम्पत्ति विवरण कोशी प्रदेश कितावखानाले दर्ता गर्ने जिम्मेवारी तोकिएको हकमा २०८२ साल भाद्र २९ गते भित्र दर्ता हुने गरी समयमा वुझाउनका लागि पत्राचार भएकोमा राष्ट्रिय सतर्कता केन्द्रको पोर्टलमा इन्ट्री नगरी वुझाउन पर्ने तर केही स्थानीय तहमा कार्यरत उक्त कर्मचारीहरुको सम्पत्ति विवरण राष्ट्रिय सतर्कता केन्द्रको पोर्टलमा इन्ट्री गरेको कारण हालसम्म वुझाउन वाँकी देखिएकोले यथाशिघ्र उपलव्ध गर्न गराउन हुन अनुरोध छ । अन्यथा संकेत नं का आधारमा ट्र्याकिङ भइ जरिवाना हुने हुदा जरिवाना आएको वखत स्वयं कर्मचारी जिम्मेवार हुनु पर्नेछ ।

२. यस कार्यालयको प.स.२०८२/८३ च.नं. ७८ मिति २०८२/०४/१३ को पत्रानुसार संकेत नं नभएका कर्मचारीहरु,शिक्षक,स्वास्थ्यसँग सम्वन्धित कर्मचारीहरु,करार,अस्थायी कर्मचारीहरु र जनप्रतिनिधि तथा अन्य पदाधिकारीहरुको हकमा राष्ट्रिय सतर्कता केन्द्रको पोर्टलमा २०८२/०५/२९ गतेभित्र इन्ट्री गरी सो पत्रमा उल्लेख भए अनुसार रीत पुर्याइ सम्पत्ति विवरण वुझ्ने वुझाउने कार्यमा सरल र सहज हुने गरी गुणस्तरीय खामहरु प्रयोग

फोन नं. ०२१-४७५१६६, ४७५१८९, ईमेल : info.ocmcm@p1.gov.np

वेबसाइट: https://ocmcm.koshi.gov.np

कोशी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

विराटनगर, नेपाल

कोशी प्रदेश

गरी, सिलसिलेवार मिलाएर, कभरिङ लेटरसँग ढाँचा अनुसार विवरण भरेर र सफ्टकपि मेल गरी प्रमाणित कागजातसहित २०८२ साल भाद्र ३० देखि २०८२ साल असोज २८ भित्र सम्पत्ति विवरण यस कार्यालयमा वुझाउनु पर्नेछ। उक्त प्रकरण नं २ को पत्रका सम्वन्धमा उल्लेख भएको विस्तृत विवरण सम्वन्धित स्थानीय तहमा मेल गरि पठाइएको छ। साथै मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कोशी प्रदेशको वेवसाइट(https://ocmcm.koshi.gov.np/content/१५९/in-relation-to-the-asset-details-of/) भित्र उपलव्ध छ ।

२०८२।५।२२

.................................

(धन नारायण श्रेष्ठ)

शाखा अधिकृत

फोन नं. ०२१-४७५१६६, ४७५१८९, ईमेल : info.ocmcm@p1.gov.np
वेबसाइटः https://ocmcm.koshi.gov.np

"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"